# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## भुक्तानी प्रणाली विभाग

पत्र संख्याः भु.प्र.वि/नीति/परिपत्र/१/०७६/०७७ मितिः- २०७६/०५/१९

भुक्तानी सम्बन्धी कार्य गर्ने सम्बन्धित सबै संस्थाहरु ।

विषयः **अ.प्रा.निर्देशन नं. ५ संशोधन सम्बन्धमा** ।

महाशय,

यस बैंकबाट जारी गरिएको भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३ को बुँदा नं ४० बमोजिम मिति २०७५/०३/३१, (संशोधन मिति २०७६/०२/१० समेत) मा जारी गरिएको विद्युतीय माध्यमबाट गरिने कारोवार सीमा सम्बन्धी निर्देशनको देहायमा उल्लिखित बुँदाहरुमा संशोधन गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

१. अ.प्रा. निर्देशन ०५/०७५ को निर्देशनको बुँदा नं. १.१ को (ङ) मा संशोधन

डेविट कार्ड (Debit Card) बाट न्यूनतम प्रति कारोबार रु.५००।- (अक्षरेपी पाँच सय) देखि अधिकतम रु.२०,०००।- (अक्षरेपी बीस हजार) सम्म नगद झिक्न पाइनेछ । तर प्रतिदिन अधिकतम रु.६०,०००।- (अक्षरेपी साठी हजार) भन्दा बढी नगद झिक्न पाइने छैन । बैंक तथा वित्तीय संस्थाहरुले नगद व्यवस्थापन, भौगोलिक अवस्था, सुरक्षा व्यवस्था र विशेष परिस्थिति समेतलाई ध्यानमा राखी तोकिएको रकमको सीमा घटाउन यस व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

२. अ.प्रा. निर्देशन ०५/०७५ को निर्देशनको बुँदा नं. १.१ को (च) (मिति २०७६/०२/१० मा संशोधित) मा संशोधन

बैंक तथा वित्तीय संस्थाहरुले Issuer र Acquirer फरक संस्था भई डेविट कार्ड (Debit Card) बाट रकम झिक्दा एक पटकमा माथि बुँदा नं. (ङ) मा उल्लेख गरिएको प्रति कारोबार न्यूनतम रु.५००।- (अक्षरेपी पाँच सय) देखि अधिकतम रु.२०,०००।- (अक्षरेपी बीस हजार) सम्म नगद झिक्न सक्ने व्यवस्था गर्नु पर्नेछ । साथै, यस प्रकारको कारोबारमा लिने सेवा शुल्क अनिवार्य रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

भवदीय,

(बम बहादुर मिश्र)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग
९. श्री नेपाल बैंकर्स संघ, कमलादी, काठमाडौं ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, अनामनगर काठमाडौं ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रहरु ।